जुलाई २०२४

प्रिय सिस्टरहरु,

धन्य स्मृतिमा मेरा प्रिय श्रीमान र हाम्रा प्रिय मेट्रोपोलिटन, प्रभुमा बिदा हुनुभएको दुई महिना भयो। हामी परिवार, बिसपहरु र सम्पूर्ण चर्चका लागि यो घटना अत्यन्तै अप्रत्याशित थियो। उहाँले हामीबाट बिदा लिनुभएकोमा हामीले सँगसँगै शोक गर्‍यौं। उहाँको दफन हुँदा आँसु बगायौं। उहाँको जीवन, वर्सौंसम्मको विश्वासयोग्य सेवा, र ख्रिस्टको प्रचार गर्न, खाँचोमा हुनेहरुलाई सहायता पुर्‍याउन र चर्चको नेतृत्व गर्न उहाँले गर्नुभएका सबै योगदानबारे हामीले स्मरण गर्‍यौं।

यी सेवाहरुमा तपाईं सहभागी हुनुभयो होला, अथवा कुनै सेवालाई तपाईंले लाइभ हेर्नुभयो! मेट्रोपोलिटनको बिदाइको समयमा, ठुला साना यति धेरै असङ्ख्य मानिसहरु सहभागी भएका कुरा, आश्चर्यलाग्दो थियो। सुसमाचार र ख्रिस्टको प्रेमका साथमा उहाँको जीवनले, ती मानिसहरुका जीवनलाई छोएको थियो। यो सेवाको समयमा, ठुलो पर्दामा, तपाईंले सायद हाम्रो परिवारलाई हेर्नुभयो। हामीलाई सहज थिएन। तर यस्तो दु:खको घडीमा, परमेश्वरले नै हामीलाई, सार्वजनिक रुपले देखा पर्न अनुग्रह प्रदान गर्नुभयो। तपाईंहरुका प्रार्थनाको लागि धेरै धन्यवाद दिन्छौं, किनकि तपाईंको प्रार्थनाले हामीलाई यस्तो दु:खद समयमा सहायता पुर्‍यायो।

चालिस दिनको शोकको समय समापन नहुन्जेल, म हाम्री छोरी सारा र उनका परिवारसँगै बसेको थिएँ, र म घर आउनुभन्दा अघि हाम्रा नयाँ मेट्रोपलिटनको स्थापना भयो। मेरो श्रीमानले बिदा लिनुभएपछि, मैले रेखदेख गर्नुपर्ने धेरै कुराहरु थिए, र मेरो परिवारको सम्पूर्ण सहयोग र प्रेमका लागि म कृतज्ञ छु।

म घरमा आएदेखि नै, मैले हाम्रा चर्चका सम्पूर्ण सिस्टरहरुका बारेमा विचार गरिरहेको छु, जसले हामीलाई प्रेम गर्नुहुन्छ र हाम्रा निम्ति प्रार्थना गर्नुहुन्छ। मैले श्रीमानलाई गुमाएपछि, मेरो हालत ठिक होला र, भनेर तपाईंहरुले विचार गर्दै हुनुहुन्छ, भन्ने विचार मलाई हुन्छ।

प्रिय सिस्टरहरु, म कस्तो छु र यो कठिन समयमा परमेश्वरले मलाई दिनुभएको अनुग्रहका बारेमा तपाईंहरुलाई जानकारी गराउन, म तपाईंहरुलाई यो पत्र लेख्दै छु। हामीले पतन भएको संसारमा जीवन बाँचिरहेका हुनाले, हामी सबैले हाम्रा जीवनभरि कुनै न कुनै किसिमका सङ्घर्ष र क्षतिका अनुभव गरिरहन्छौं। सायद मैले आज तपाईंहरुलाई जे लेख्दै छु, त्यसले कुनै दिन तपाईंहरुलाई सहायता पुग्ने छ।

**हाम्रो परिवारका सबै जना, हाम्रा नातिनातिनासहितले, मेट्रोपोलिटनलाई धेरै सम्झना गर्छन्।** उहाँले धेरै यात्रा गर्ने कुरा हाम्रा लागि बानी परिसकेको थियो, तर उहाँ सधैं घर आउनुहुन्थ्यो। अब हामीले उहाँसँग भेट गर्न स्वर्गमा नपुगेसम्म पर्खनुपर्छ। मेरा लागि, मेट्रोपोलिटन र मेरो विवाह भएको लगभग ५० वर्ष (१२ दिन अपुग) भएको थियो, र हामीले हाम्रो जीवनको यो अन्तिम क्षणमा, प्रभुको सेवामा सँगसँगै बिताउने छौं, भनेर मैले आशा गरेकी थिएँ। सबै कुरा टुट्यो, र अचानक भएको दुर्घटना र मृत्युले हामीलाई यस पृथ्वीमा हाम्रो अन्तिम क्षणमा कुराकानी गर्न वा एकअर्कालाई अलबिदा भन्नसमेत मौका दिएन।

**मैले नबुझेका धेरै कुराहरु छन्।** मसँग यस्ता प्रश्नहरु छन्, जसका जबाफ पाउनको लागि मैले अनन्तसम्म पर्खनुपर्ने छ। तब सम्म, मैले सर्वोच्च प्रभुमा भरोसा गर्ने निर्णय गरेको छु, किनकि उहाँको वचनले भन्छ- उहाँ असल हुनुहुन्छ र उहाँ प्रेम हुनुहुन्छ, र उहाँले एउटै पनि भुल गर्नुहुन्न।

**के येसुले मेरो आँसु, मैले महसुस गरेको क्षति, र मैले अनुभव गरेका दु:ख र शोकको वास्ता गर्नुहुन्छ र?** परमेश्वरले वस्ता गर्नुहुन्छ, भनेर उहाँको वचनले मलाई आश्वासन दिएको छ, किनभने उहाँले यस पृथ्वीमा जिउनुभयो, र मैले भोग्नुपर्ने हरेक कुराको अनुभव उहाँले गर्नुभयो। यसबाहेक, उहाँले क्रुसमा मेरा सारा शोक, पीडा र दु:ख बोक्नुभयो। जब म रुन्छु, एक्लो महसुस गर्छु र मेरो भविष्यको बारेमा विचार गर्छु, तब उहाँले मलाई बुझ्नुहुन्छ।

**मैले अहिले भोगिरहेको निराशबाट मेरो मन कहिले मुक्त होला?** परमेश्वरले हामीलाई यस्तो प्रकारले सृष्टि गर्नुभयो छ, जसले गर्दा क्षति भएपछि, हाम्रो आत्मा (र यसका सबै भावनाहरु) ले पुन:स्थापित हुन र निको भएको अनुभव गर्न हामीलाई शोक गर्ने समयको जरुरत पर्छ।

दाउदले धेरै परीक्षाहरुका अनुभव गरे र आफ्नो अनुभवबाट भजन २३:३ पदमा यसरी गवाही दिए, “उहाँले मेरो प्राणलाई पुनर्जीवित पार्नुहुन्छ।” यी दिनहरुमा, म भजन २३ र अन्य दुई भजनहरु वाचन गरेर, दिनमा धेरै पटक प्रार्थना गर्छु, र मलाई र परमेश्वरमा विश्वास गर्ने सबैलाई पुनर्स्थापनाको यो प्रतिज्ञा पूरा गर्न उहाँ विश्वासयोग्य हुनुहुन्छ, भन्ने कुरामा म आफ्नो सारा हृदयले विश्वास गर्छु।

**म एक समयमा एक दिनमा प्रभुमा भरोसा गर्दै छु।** मैले अहिले यति मात्रै व्यवस्थापन गर्न सक्छु, अन्यथा म व्याकुल हुन्छ। हरेक दिन मसँग हिंड्न र मलाई जरुरत पर्ने शक्ति प्रदान गर्न प्रभु विश्वासयोग्य हुनुहुन्छ।

मेरो दिन दिनको कामको सूची पहिलेको भन्दा छोटो भएको छ, र कहिलेकाहीं म आराम गर्न अथवा मेरा प्यारा नातिनातिनासँग समय बिताउन रोकिनु आवश्यक हुन्छ।

**आफ्नो भरोसा परमेश्वरको वचनमा राख्दा र यसलाई पक्रेर बस्दा मैले सबैभन्दा धेरै सहायता प्राप्त गर्दछु।** मेरो आफ्नो जीवनका चुनौतिपूर्ण समयमा, र हामीले सेवा गर्दा सामना गर्ने धेरै संघर्षहरुमा मैले यो सिक्नु र अभ्यास गर्नुपर्‍यो। मेरी प्यारी बहिनी, तपाईंले आफ्नो जीवनमा कुनै पनि ठुलो परीक्षाको सामना गर्नुअघि यो कुरा सिक्नुहोस्, भनेर म तपाईंलाई उत्साह दिन्छु।

मैले भरोसा गर्ने धर्मशास्त्रका खण्डहरुमध्ये एउटा येसुको प्रतिज्ञा हो: “म तिमीहरुलाई कुनै रीतिले छोड्ने छैनँ, म तिमीहरुलाई त्याग्ने छैनँ।” (हिब्रु १३:५)। यसले भविष्यमा मलाई के हुने छ भन्ने मेरो डर हटाइदिन्छ।

**मप्रति भएको परमेश्वरको प्रेम र अनुग्रहका बारेमा म तपाईंलाई भन्ने छु।** मेरो श्रीमान् प्रभुको साथमा हुनलाई बिदा हुनुभएको दिनदेखि अहिलेसम्म, मेरा स्वर्गीय पिताले मेरो हृदय भरिदिनुभएको छ र उहाँको असीम शान्तिले मलाई घेर्नुभएको छ। मैले आँसु बगाए पनि, यो शान्तिले मलाई रातमा राम्रोसँग सुत्न सक्ने तुल्याउँछ, र मेरो मनमा कुनै डर छैन। मप्रति परमेश्वरको वास्ता र दया छ, भनेर म राम्ररी जान्दछु।

**म परमेश्वरप्रति कृतज्ञ छु,** किनकि मेरो श्रीमान आफ्नो बोलावटप्रति विश्वासयोग्य रहनुभयो, उहाँले हराएकाहरुमा पुग्ने दर्शनलाई निरन्तर कायम राख्नुभयो, र उहाँले पृथ्वीमा आफ्नो जीवनको अन्तिम क्षणसम्म प्रभुको सेवा गर्नुभयो। मलाई विश्वास छ, उहाँले हाम्रा मुक्तिदातालाई आमनेसामने भेट्नुभएपछि, यदि अहिले हामीले उहाँसँग भेट गर्‍यौं भने, उहाँले परिश्रम गरेका वर्षहरु, असङ्ख्य यात्राहरु, संघर्षहरु र परीक्षाहरु सबै अर्थपूर्ण थिए, भनेर उहाँले हामीलाई बताउनुहुने छ।

मेट्रोपोलिटनले प्रायः हिब्रु १२:१ पदमा उल्लेख भएको साक्षीहरुका ठुलो बादलको बारेमा कुरा गर्नुहुन्थ्यो, जसले हामीलाई घेरिरहेका हुन्छन्।

म विचार गर्छु, उहाँ अहिले त्यो बादलमा सहभागी हुनुभएको छ, र हामीले उहाँको उदाहरणलाई निरन्तर पछ्याउँदा र उहाँले हामी चर्चका लागि छाडिजानुभएका दर्शन र मार्गदर्शन पूरा गर्दा, उहाँले उत्सुकताका साथ हामीलाई हेर्दै हुनुहुन्छ।

प्रिय बहिनी, यदि हामीले अनन्तताको लागि जिउने कुराको छनौट गर्छौं र सुसमाचार पहिले कहिल्यै नसुनेकाहरुलाई पुर्‍याउन आफ्नो जीवन खर्च गर्छौं भने, हामीले हाम्रा प्रभु येसु र हाम्रा आत्मिक पितालाई सबैभन्दा ठुलो सम्मान र आनन्द दिन सक्षम हुने छौं।

आउनुहोस्, हाम्रा मेट्रोपोलिटन थियोफिलस र हाम्रा सबै बिसप र अगुवाहरुका लागि हामी विश्वासयोग्यताका साथ प्रार्थना गरौं, यसैले कि उहाँहरुले हाम्रो चर्चलाई नेतृत्व गर्दा उहाँहरुलाई परमेश्वरले आफ्नो बुद्धिले डोर्‍याउन्।

हामी सिस्टरहरु भएर, हामीले उहाँहरु र हाम्रो चर्चको लागि आशिष् र प्रोत्साहन हुने कोसिस गर्नुपर्छ।

**आउनुहोस्, हामी आशा गरेर बाचौं।**

मेरी प्यारी बहिनी, मैले यस पत्रमा विगत दुई महिनाको मेरो यात्राबारे तपाईंलाई बताएँ। पुनरुत्थानको प्रतिज्ञाले एक दिन हाम्रा सबै दुःखलाई आनन्दमा परिणत गर्ने छ। हामी मेट्रोपोलिटन र हामीभन्दा अघि गएका सबै

जनासँग सँगसँगै हुने छौं। पुनरुत्थानपछिको समय अनन्त रहने छ, र हामी हाम्रा मुक्तिदाताको उपस्थितिमा हुने छौं।

कृपया तपाईंलाई यो कुरा थाहा होस्, म तपाईंलाई येसुमा प्रेम गर्छु र तपाईंका लागि प्रार्थना गर्छु।

ख्रिस्टमा तपाईंकी दिदी,

गिसेला योहनान